# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले माघ २८ गते काठमाडौंमा सन्राइज बैंक लिमिटेड र एनआइडिसी क्यापिटल मार्केट्स लिमिटेड एकापसमा गाभिए पछिको एकीकृत




कारोबारको शुभारम्भ एक समारोह बीच गर्नुभयो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले देशको अर्थतन्त्र सुधारोन्मुख रहेको, शोधनान्तर बचत सन्तोषजनक रहेको र आर्थिक वृद्धि लक्ष्य अनुरुप नै हुने देखिएको बताउनु भयो । वित्तीय क्षेत्रमा भने केही घर्षण (असहजता) देखिएको उहाँले उल्लेख गर्नु भयो । गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुलाई नाफामुखी मात्र नहुन सो समारोहमा सल्लाह दिनु भयो । नेपाल राष्ट्र बैंकले मुलुकको आर्थिक क्षेत्रको गतिविधिलाई नजिकबाट नियालिरहेको हुन्छ र सोही आधारमा नीति नियमहरु बनाउने गरेको जानकारी दिँदै उहाँले सर्वसाधारणको निक्षेपको समुचित उपयोग गर्न बैकर्सहरुसँग आग्रह गर्नु भयो ।

### MAN को कार्यक्रम उद्घाटन

गभर्नर डा. नेपालले सोही दिन Management Association of Nepal को National Management



Convention of 36th Annual General Meeting को उद्घाटन गर्नु भयो । सो उद्घाटन कार्यक्रममा गभर्नर डा. नेपालले साधन र स्रोतको उचित व्यवस्थापन गर्न सक्ने देश समृद्ध बन्ने उल्लेख गर्दै नेपालको Resource Management मा थप सुधारको आवश्यकता दर्शाउनु भयो । कार्यक्रममा पूर्व गभर्नरहरु, बैंकर्स, उद्योग व्यवसायी आदिको सहभागिता रहेको थियो ।

**२०७३ माघ २८, शुक्रबार**

**गभर्नरको कार्यालय**